# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## अन्नपूर्ण गाउँपालिका
## म्याग्दी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ९९

मितिः २०७९।३।२५

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू
अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
म्याग्दी ।

**कैफियत सहितको राय**

हामीले रघुगंगा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ९८ लाख १६ हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७८/७/१६ मा प्राप्त प्रतिक्रियाबाट रू.३३ लाख ३३ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २३ लाख ६० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १० लाख ६४ हजार, नियमित गर्नुपर्ने रू.३० लाख ५९ हजार रहेको छ ।गतवर्ष रु.५ करोड ६७ लाख ७८ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.६ करोड २१ लाख ८९ हजार रहेको छ ।**बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। गाउँपालिकाबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यस अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

अन्नपूर्ण गाउँपालिका, म्याग्दी

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८८ | १६ | ९८१६ | - | ६ | ३३३३ | ८८ | १० | ६४८३ | २३६० | ३०५९ | १०६४ | - | - | ४१२३ | - |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| म्याग्दी | ५६७७८ | - | १०७२ | ५५७०६ | - | ६४८३ | ६२१८९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : अन्नपूर्ण गाउँपालिका, म्याग्दी , अन्नपूर्ण गाउँपालिका , म्याग्दी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | nabin subedi | २०७६-१०-३ | |
| कार्यालय प्रमुख | suran prashad sharma paudel | २०७७-१२-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | jaya parshad subedi | २०७६-९-२३ | |
| लेखा प्रमुख | prem parajuli | २०७६-८-२९ | |
| | | **बेरुजु रकम** | ६,४८२,७७१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८,८०,२६,५७३.९९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २९,५६,९०,६२० | **चालु खर्च** | २२,६५,५९,३३५.४५ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७१,४१,००० | **पूँजीगत खर्च** | ११,४५,०२,९०८.४४ |
| **राजश्व बाँडफाँट** | ६,३४,२०,८५३.७७ | **वित्तीय/अन्य व्यवस्था** | ८,५३,७७,१९३.०५ |
| **आन्तरिक आय** | २१,८७,७०५ | | |
| **अन्य आय** | ८,५३,७७,१९३.०५ | | |
| **कुल आय** | ४६,३८,१७,३७१.८२ | **कुल खर्च** | ४२,६४,३९,४३६.९४ |
| **बाँकी मौज्दात** | | १२,५४,०४,५०८.८७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७८।६।१ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्:<br>**परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस अन्नपूर्ण गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्धेश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४२ सभा सदस्य, ५५६.४२ वर्ग किलोमिटर क्षेत्रफल तथा १३ हजार ३१५ जनसंख्या रहेको छ ।<br><br>**फिर्ता दाखिला** - आर्थिक वर्ष २०७७।७८ मा निकासा मध्ये बाँकी रहेका सङ्घीय सशर्त अनुदानतर्फ रु.3,26,56,542।54 र प्रदेश सशर्त अनुदानको रु.5,34,544।- समेत जम्मा रु.3,31,91,086।54 मिति 2078।3।30 मा नेपाल बैङ्क लिमिटेड बेनी शाखामा दाखिला भएको छ ।<br><br>**लेखापरीक्षणको क्रममा असुली** - प्रकोप कोष अन्तर्गत बुझिलिएको भरपाई नभएको रु.40,000।- र वडा नं. ८ बाट राजस्व दाखिला गर्न छुट भएको रु.4,750।- बढी भुक्तानी भएको रु.13730।-, विद्यालयबाट निकासा फिर्ता रु.13,84,313।- र सामाजिक सुरक्षा कर रु.2612।-, अग्रिम आय कर रु1439।-, बढी भुक्तानी रु.1495।- निर्माण सेवाको बढी भुक्तानी रु.10484।-, मू.अ.कर रु.63,381।- र अग्रिम आयकर रु.24377 समेत गरी जम्मा रु.15,46,281।- असुली भई पालिकाको आन्तरिक राजस्व खातामा दाखिला भएको छ ।<br>**वित्तीय विवरण विश्लेषण**<br>**वित्तीय विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्बन्धमा निम्नानुसार देखिएको छः • लेखापरीक्षणका क्रममा बैङ्क नगदी किताब तथा वित्तीय विवरण भिडान नरहेको कारण स्थानीय तहले पेस गरेको आय-व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• प्राप्त वित्तीय विवरणको म.ले.प.फा.नं. २७२ मा बैङ्क कारोबारमा वर्षान्तको बाँकी रु.33,1,59,803।54 बैङ्क कारोबारमा भिन्नता भन्ने उल्लेख छ । यस सम्बन्धमा पुष्ट्याइँ प्राप्त नभएकोले हिसाब यकिन हुनुपर्दछ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS Based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेतापनि प्रतिवेदन र लेखाङ्कननबीच समरुपता देखिँदैन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग भएतापनि सबै कारोबार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिड्दैन ।<br>• गाउँपालिकाले पेस गरेको गाउँपालिकाको चालुको बैङ्क नगदी किताब अनुसार कुल खर्च रु.5,13,23,291।- देखाएकोमा गाउँपालिकाको चालुको आर्थिक विवरण एवं फाँटवारीको जम्माबाट रु.5,34,52,690।-खर्च देखिन्छ । फरक रकम रु.22,29,480।- सम्बन्धमा यकिन हुनुपर्दछ ।<br>• पालिकाको वित्तीय प्रतिवेदनमा बैङ्क मौज्दात रु.15,84,58,010।- देखाएकोमा सञ्चितकोषको बैङ्क नगदी किताबको हिसाबमा रु.11,37,76,666।- देखाएको छ। फरक रु.4,46,81,344।- सम्बन्धमा यकिन हुनुपर्दछ । त्यसैले तोकेबमोजिमको वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ । | |
| २ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.11,74,42,000।- मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु.11,04,29,000।- जिम्मेवारी सारेको देखियो। जसअनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.70,13,000।- घटी जिम्मेवारी सरेको सम्बन्धमा सुत्रमा नगद मौज्दातले फरक पारेकोले लेखापरीक्षणमा हिसाब भिडान विवरण पेस भएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **बैङ्क हिसाब**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको रु.3,62,527।55 फरक पर्न गएको रकम लेखापरीक्षण अवधिमा म.ले.प.फा.नं. २१२ तयार गरी हिसाब मिलानन गरेतापनि मासिक रुपमा हिसाब मिलान गरी सुत्रमा समावेश गरेको देखिएन । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| 1. | स्थानीय तह धरौटी खाता | 2363751.04 | 2169572.04 | 194179.00 |
| 2. | स्थानीय तह सञ्चित कोष खाता | 113776666.45 | 61325812.92 | 52450853.53 |
| 3. | विविध कोष खाता (६६) | 5115821.65 | 3615821.65 | 1500000.00 |
| 4. | प्रकोप व्यवस्थापन कोष | 4041968.22 | 2623491.22 | 1418477.00 |
| 5. | वडाबाट प्राप्त राजस्व | 0.00 | 6250170.62 | -6250170.62 |
| 6. | पुँजीगत खाता | 0.00 | 19194285.73 | -19194285.73 |
| 7. | चालु खाता | 0.00 | 28500663.23 | -28500663.23 |
| 8. | आन्तरिक राजस्व | 0.00 | 1255862.40 | -1255862.40 |
| | **जम्मा** | **125298207.36** | **124935679.81** | **362527.55** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक क्षेत्रभित्रको अनुसूची-२११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ २८ र प्रशासनिकतर्फ २० समेत ४८ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः ८ र १४ समेत २२ पदपूर्ति भई २६जना रिक्त रहेकोले कार्यालय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाइयो।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• सङ्घीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविक गाउँ विकास समितिको नाममा रहेका पेस्की तथा बेरुजुको लगत तयार गरेको पाइएन ।<br>• भ्रमणमा खटिने कर्मचारीहरूबाट भ्रमण प्रतिवेदन लिने नगरेको ।<br>• यातायात खर्च भुक्तानी गर्दा स्पष्ट मापदण्ड र दररेट निर्धारण नगरेको ।<br>• सञ्चालित सबै कार्यक्रमहरूको नियमित अनुगमन सोको नियमित प्रतिवेदन गर्ने गरेको छैन ।<br>• रु.२० हजारभन्दा माथिको कारोबार अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्तावालासँग केही कारोबार पान बिलबाट गरेको ।<br>• योजनागत रुपमा अलग अलग नापी किताब नराखेका एवं निर्माण कार्यको हालसम्मको परिमाण र खर्च देखिने एकीकृत नापी किताब प्रयोगमा नल्याएको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ वमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख, मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख नराखेको । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिएबमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **सेवा प्रवाह**<br>लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार आ.व. 20७7।७8 मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ । | |

| सि. नं. | विवरण | विवरण सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या |
|---|---|---|
| १ | विवाह दर्ता | 85 |
| २ | जन्म दर्ता | 311 |
| ३ | मृत्यु दर्ता | 193 |
| ४ | बसाईसराई दर्ता | 52 |
| ५ | सम्बन्ध विच्छेद | 5 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**<br>**बजेट पेस, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री केशमाया मगरले २०77/०३/07 गते रु.40 करोड 94 लाख 36 हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०77/03/07 मा पारित भएको छ । मिति 2077/11/23 गते उक्त बजेट संशोधन भई रु.46 करोड ९ लाख २६ हजार प्रस्ताव गरिएको देखिन्छ । यसैगरी स्थानीय तहका प्रमुखले 2077/03/11 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित विभिन्न 149 योजनाका लागि आर्थिक, सामाजिक, पूर्वाधार विकास लगायतको क्षेत्रमा रु.२२ करोड ६९ लाख २९ हजार बजेट व्यवस्था गरेकोमा रु.२३ करोड १४ लाख १२ हजार खर्च भएको देखिन्छ । सञ्चालित योजनाहरू मध्ये १ लाखभन्दा कममा 18 योजना १-५ लाखसम्मका 68 योजना, ५-10 लाखसम्मका 41 योजना र १० लाखभन्दा माथि 22 योजना सञ्चालन भएकोमा 17 वटा योजना क्रमागत रही उपभोक्ता समितिबाट 143 र ठेक्काबाट 7 योजना संचालन गरेको पाइयो । पालिकाले मध्यम तथा दीर्घकालिन योजना छनौट तथा प्राथमिकीकरण नगरेको र अधिकांश कच्ची बाटोमा रकम खर्च गरेको देखिन्छ । तसर्थ पालिकाले मध्यम तथा दीर्घकालिन योजना छनौट तथा प्राथमिकीकरण गरी सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने गरी योजना सञ्चालन गरिनुपर्दछ । | |

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु. १ लाखभन्दा कमको योजना | 18 | 1410000 |
| २ | रु. 1 देखि 5 लाख सम्मका योजना | 68 | 21014064 |
| ३ | रु. ५ लाखदेखि १० लाख सम्मका योजना | 41 | 35023203 |
| ४ | 10 लाखदेखि ५० लाख सम्मका योजना | 20 | 36745000 |
| ५ | ५० लाख भन्दा माथिका | 2 | 27550000 |
| | **जम्मा** | **149** | **121742267** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **अबण्डा बजेट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.1 करोड 67 लाख 50 हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम गाउँसभाको २०७।11।23 को निर्णयबाट निम्न शीर्षकहरूमा बाँडफाँट गरेकोमा खर्चको अवस्था निम्नानुसार रहेको छ । बजेट अबण्डमा राखी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं. | अवण्डा शीर्षक | रकम रु. हजारमा | अवण्डाबाट खर्च भएको |
|---|---|---|---|
| 1. | भैपरी आउने पुंजीगत | 2000 | खर्च नभएको |
| 2. | आयोजना व्यवस्थापन | 2300 | चालुतर्फ रु.3 लाख र पुँजीगततर्फ रु.2 लाख 13 हजार मात्र खर्च |
| 3. | समपुरक कोष | 11650 | खर्च नभएको |
| 4. | महिला आकस्मिक कोष | 800 | खर्च नभएको |
| | **जम्मा** | **16750** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>

**कार्यक्रम परिवर्तन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरीत वडा कार्यालयहरूको सिफारीसमा गाउँकार्यपालिकाको निर्णयानुसार मिति 2077/11/23 मा गाउँसभाले निम्नानुसार कार्यक्रम संशोधन गरी रकम खर्च गरेको पाईयो ।

<table>
<tr><th colspan="6">रु. हजारमा</th></tr>
<tr><th>सि.नं.</th><th>मौजुदा कार्यक्रम</th><th>रकम</th><th>परिवर्तितत कार्यक्रम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>विभिन्न ३६ योजना</td><td>10623</td><td>विभिन्न २७ योजना</td><td>10623</td><td>कार्यक्रम अल्याबाट</td></tr>
<tr><td>२</td><td>अल्या रकमबाट</td><td>0</td><td>विभिन्न थप २८ योजना</td><td>24310</td><td></td></tr>
<tr><td>३</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम १८</td><td>5170</td><td>विभिन्न ९ कार्यक्रम</td><td>5170</td><td></td></tr>
<tr><td>४</td><td>प्रधामन्त्री रोजगार कार्यक्रम</td><td>0</td><td>प्रधानमन्त्री रोजगार थप</td><td>4446</td><td></td></tr>
</table>

</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>

**प्रगति विवरण नभएको**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समितिबाट सञ्चालित 143 योजनाहरु समेत कुल 149 योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरुको प्रगति विवरण पेस हुन आएन । सञ्चालित योजनाहरुको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ ।

</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>

**सञ्चालन नभएका योजनाहरू**

कार्यालयबाट प्राप्त विवरण अनुसार गाउँपालिकाबाट देहायबमोजिमको योजना स्वीकृत भएकोमा सञ्चालन हुन नसकी शून्य प्रगति रहेको पाइयो। योजना सञ्चालन सम्बन्धमा0 कार्यान्वयन कार्यदक्षता अभिवृद्धि गर्नुपर्दछ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **सि. नं.** | **बजेट/उपशीर्षक** | **वडा** | **विनियोजित बजेट** | | |
| | | | | १ | द्वारीखोला खानेपानी मर्मत | 3 | 200000 | | |
| | | | | २ | ज्ञान प्रकाश मा.वि. मा बालउद्यान तथा चिल्ड्रेन पार्क निर्माण | 3 | 700000 | | |
| | | | | ३ | पाउद्वार मा.वि. भौतिक विकास | 5 | 150000 | | |
| | | | | ४ | वडा कार्यालय गेट निर्माण | 6 | 100000 | | |
| | | | | ५ | धिरच्याङ सिँचाइ | 6 | 250000 | | |
| | | | | ६ | टिकोट सामुदायिक भवनको छाना मर्मत | 7 | 200000 | | |
| | | | | ७ | घोरेपानीदेखि खाल्टे मोटरबाटो निर्माण | 6 | 1000000 | | |
| | | | | ८ | कार्यालयको लागि ट्रस निर्माण | कार्यालय | 2500000 | | |
| | | | | 9 | दलित तथा विपन्नका लागि शौचालय निर्माण | 6 | 3500000 | | |
| | | | | 10 | घोरेपानीदेखि चित्रे पदमार्ग | 6 | 500000 | | |
| | | | | 11 | स्वाँत पुल पहिरो नियन्त्रण योजना | 5 | 400000 | | |
| | | | | 12 | घार सभाहल निर्माण | 4 | 2000000 | | |
| | | | | 13 | पाउद्वार मा.वि. भौतिक पूर्वाधार निर्माण योजना | 5 | 850000 | | |
| | | | | 14 | रातोपानी कुण्ड खानेपानी योजना | 6 | 100000 | | |



https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>15</td><td>महभीर खेल मैदान निर्माण</td><td>7</td><td>300000</td></tr>
<tr><td>16</td><td>काली गण्डकी नदी नियन्त्रण</td><td>2</td><td>1000000</td></tr>
<tr><td>17</td><td>ग्याबिन जाली भर्ने काम</td><td>2</td><td>150000</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>13900000</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>
चौमासिक पुँजीगत खर्च<br>
आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेस गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहायबमोजिम छः
<table>
<tr><th rowspan="2">पुँजीगत खर्च शीर्षक</th><th rowspan="2">कूल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>पुँजीगततर्फ</td><td>114503</td><td>3245</td><td>20272</td><td>90986</td><td>62955</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td>100</td><td>2.83</td><td>17.70</td><td>79.46</td><td>54.98</td></tr>
</table>
उपरोक्तानुसार पुँजीगततर्फ प्रथम चौमासिकमा 2.83 प्रतिशत, दोश्रोमा 17.70 प्रतिशत मात्र खर्च हुन सकेको छ भने तेश्रो चौमासिकमा 79.46 प्रतिशत र आषाढमा मात्र 54.98 प्रतिशत खर्च भएको पाइयो । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिक तथा आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३.१</td><td></td><td></td><td>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७7।७8 को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक बजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>25667620</td><td>17937937</td><td>5.71</td></tr>
<tr><td>सामाजिक विकास क्षेत्र</td><td>196336000</td><td>175849999</td><td>55.96</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>49261000</td><td>37624304</td><td>11.97</td></tr>
<tr><td>सुशासन तथा अन्तर सम्बन्धित खर्च</td><td>4235000</td><td>3542167</td><td>1.13</td></tr>
<tr><td>कार्यसञ्चालन तथा प्रशासनिक खर्च</td><td>151115000</td><td>79311281</td><td>25.23</td></tr>
<tr><td>जम्मा</td><td>426614620</td><td>314265688</td><td>100.00</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३.२</td><td></td><td></td><td>खर्च विश्लेषणः पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु.33,82,827।- राजस्व बाँडफाँट र अनुदानबाट रु.37,50,57,351।- र अन्य समेत रु.40,08,37,915।- आम्दानी प्राप्त गरेकोमा चालुतर्फ रु.22,65,59,335।– र पुँजीगततर्फ रु.11,45,02,908।–समेत रु.34,16,90,783।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा 0.99 प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.1,14,07,476।- खर्च भएको छ। जुन आन्तरिक आयको 372.21 प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट 60.40 प्रतिशत चालु र 30.52 प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.३ | | | कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष कुल आन्तरिक आम्दानी रु.33,82,827।- रहेकोमा पालिकाको कुल प्रशासनिक खर्च रु.7,93,11,281।- रहेको छ । आन्तरिक आयको तुलनामा प्रशासनिक खर्चको हिस्सा 23.44 गुणा बढी रहेको छ । पालिकाले आन्तरीक आम्दानीको थप स्रोतहरू बढाउन पहल गर्नुपर्दछ । | |
| १४ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन**<br>**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न 16 पदमा 35 जना कर्मचारीहरु करारमा राखी रु.53,60,400।- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेकको कृषि अधिकृत-1, सा.प.-1, श्रोत व्यक्ति-1 गरी 3 जना करार नियुक्ति गरी बर्षभरीमा रु.1,27,114।- भुक्तानी गरेको देखिन्छ । | |
| १५ | | | **स्वीकृत दरबन्दी बेगरको करार सेवा**<br>सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृति दरबन्दी भन्दा अन्य रुपमा कर्मचारीहरू राखी तलब भत्ता तथा तथा पारिश्रमिक भुक्तानि गर्न नमिल्ने व्यवस्था छ । गाउँपालिकाले कार्यपालिकाको निर्णय र गाउँसभाले अनुमोदन गरी श्रोत व्यक्ति छैटौं १ जना, ल्याव टेक्निसियन २ जना र र सा.प. १ जना गरी ४ जनालाई दशैं खर्च समेत १३ महिनाको जम्मा रु.11,66,310।- भुक्तानी गरेको देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ र ८७ एवं कार्यविधि विपरीतको स्वीकृत दरबन्दी बेगरको करार सेवामा भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु. | १,१६६,३१० |
| १६ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.15 लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानुनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको उपयुक्त देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **कानुन निर्माण एवं कार्यान्वयन**<br>**कानुन र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म 9 वटा ऐन, 5 वटा नियमावली, 26 कार्यविधि लगायत 42 वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । साथै पालिकाले 16 वटा कानुनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १८ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष थप भएको 11 गरी कुल 11 विवाद दर्ता भएकोमा 11 वटा नै फर्स्यौट भएको देखिन्छ । | |
| १९ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७7।७8 को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण वित्तीय हस्तान्तरित कार्यक्रम बाहेकको अन्य कारोबारको लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २० | | | **पदाधिकारी सुविधा**<br>**स्वकीय सचिव** – गण्डकी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । गाउँपालिका अध्यक्षको स्वकीय सचिवका रुपमा खरिदार स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री गणेश गुरुङ्गलाई नियुक्त गरी मासिक रु.26,610।- का दरले रु.3,19,200।- भुक्तानी गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **पदाधिकारी सुविधा**<br>गण्डकी प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, 2076 को अनुसूची १ मा उल्लेख भएको सुविधा पाउने व्यवस्था छ । पालिकाले यस वर्ष इन्धनमा रु.95,476।-, यातायात खर्चमा रु.8,64,000।-, पत्रपत्रिका र इन्टरनेट खर्चमा रु.12,84,000।-, टेलिफोन मोबाइल रिचार्जमा रु.12,84,000।-, अतिथि सत्कारमा रु.18,48,000।-, अनुगमन सुविधामा रु.21,36,000।-, समन्वय र सहजिकरण खर्चमा रु.8,88,000।-, चाडपर्व खर्चमा रु.7,08,000।-, बैठक भत्तामा रु.19,30,000।– र बीमा खर्चमा रु.37,000।– समेत रु.1,14,07,476।– खर्च गरेको देखिन्छ । | |
| २२ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.28,64,987।- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| २३ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले सहायता प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई सामाजिक सहायता रु.31,04,601।- र अन्य सहायता रु.27,69,345।– गरी जम्मा रु.58,73,946।- सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| २४ | | | **अनुदान प्राप्ति र वितरण**<br>**अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले देहायअनुसारका रु.97,51,397।- अनुदानमा खर्च गरेको देखिन्छ। अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| **सि.नं.** | **कार्यक्रम** | **खर्च** |
|---|---|---|
| 1 | मौसमी तथा बेमौसमी तरकारी बिउ खरिद वितरण | 400000 |
| | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | 2 | विषादी खरिद वितरण | 400000 | | |
| | | | | 3 | ५०% अनुदानमा किवि विरुवा खरिद वितरण | 80000 | | |
| | | | | 4 | स्प्रेयर टँकी ५०%अनुदानमा | 50000 | | |
| | | | | 5 | रायो साग बिउ उत्पादकको लागि आवश्यक सामग्रीवितरण | 100000 | | |
| | | | | 6 | ५०%अनुदानमा मिनिटिलर वितरण | 500000 | | |
| | | | | 7 | हिउदे तथा बर्खे आलु बिउ वितरण | 430000 | | |
| | | | | 8 | प्लाष्टिक टनेल ५०%अनुदानमा वितरण | 200000 | | |
| | | | | 9 | फलफ◌ूल काट छाटका लागि सिकेचर आर◌ीभर्याङ्ग वितरण ५०%अनुदानमा | 200000 | | |
| | | | | 10 | सुन्तला जात फलफूल बिरुवा वितरण ५०%अनुदानमा | 150000 | | |
| | | | | 11 | निलो तुथो चुन वितरण | 200000 | | |
| | | | | 12 | कृषि सम◌ूह दर्ता प्रमाण पत्र छपाई | 20000 | | |
| | | | | 13 | ट्रस पाईप टनेल निमार्ण ५०%अनुदानमा | 120000 | | |
| | | | | 14 | त्रिपाल खरिद वितरण ५०%अनुदानमा | 50000 | | |
| | | | | 15 | डिजिटल तौल मेसिन खरिद वितरण ५०%अनुदानमा | 80000 | | |
| | | | | 16 | एक वडा एक नर्सरी | 200000 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | 17 | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत आलु पकेट स्थापना | 1200000 | | |
| | | | | 18 | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत सुन्तला पकेट स्थापना | 1200000 | | |
| | | | | 19 | बहुउदेश्यीय फलफूल नर्सरी स्थापना | 200000 | | |
| | | | | 20 | रैथाने बाल◌ीप्रवर्द्धनकार्यक्रम | 1000000 | | |
| | | | | 21 | व्यवसायिक तरकारी खेतीका लागि थोपा सिँचाइ सेट वितरण | 200000 | | |
| | | | | 22 | माटोको नमूना संकलन किट बक्स र पि.एच. मिटर | 197500 | | |
| | | | | 23 | डाले तथा भुई घाँसको बेर्ना वितरण | 134000 | | |
| | | | | 24 | टियोसेन्टि घाँसको बिउ वितरण | 87600 | | |
| | | | | 25 | जै घाँसको बिउ वितरण | 40000 | | |
| | | | | 26 | बोयर जातको बोका वितरण | 400000 | | |
| | | | | 27 | माछाको भुरा वितरण | 125000 | | |
| | | | | 28 | घाँस घेराबार कार्यक्रम | 200000 | | |
| | | | | 29 | फ्रेस हाउस सुधार कार्यक्रम | 100000 | | |
| | | | | 30 | पशु उपचार तथा परिज◌ीविनियन्त्रणका लागि औषधि खरिद | 900000 | | |
| | | | | 31 | घुम्ती गोठको लागि त्रिपाल वितरण | 30000 | | |
| | | | | | | | | |



https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>32</td><td>प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाख्रा पकेट कार्यक्रम</td><td>557297</td></tr>
<tr><td></td><td>जम्मा</td><td>9751397</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>
पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च<br>
पुँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पुँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहायअनुसारका पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पुँजीगत शीर्षकबाट रु.5,52,950।- भुक्तानी दिएको पाईयो । केही उदाहरणहरू यस प्रकारका छन्:
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>भुक्तानी विवरण</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>31/2077/8/28</td><td>वडा कार्यालय खर्च</td><td>विविध खरिद</td><td>300000</td></tr>
<tr><td>33/2077/8/29</td><td>बछुराम गुरुङ</td><td>सवारी मर्मत</td><td>66000</td></tr>
<tr><td>82/2077/11/14</td><td>कार्यालय प्रयोजन</td><td>विविध खरिद</td><td>26000</td></tr>
<tr><td>167/2078/3/16</td><td>हिरा साउण्ड एण्ड भिजन</td><td>कार्यालय प्रयोजन</td><td>16500</td></tr>
<tr><td>226/2078/3/25</td><td>इन्टरनेट व्यवस्थापन</td><td>कार्यालय प्रयोजन</td><td>25000</td></tr>
<tr><td>233/2078/3/28</td><td>कर्मचारी भ्रमण भत्ता</td><td>कार्यालय प्रयोजन</td><td>119450</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>552950</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>

**नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका 4 नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु.1,00,000।- अनुदान उपलब्ध गराएका छन् । तर त्यसबाट उपरोक्त सेबा प्रबाह हुने सुनिश्चित छैन ।

| भुक्तानी पाउने व्याक्ति वा फर्म | प्रयोजन | रकम |
|---|---|---|
| मिन ब. गर्बुजा | फ्रेस हाउस सुधार | 25000 |
| लक्ष्मण पुन गर्बुजा | फ्रेस हाउस सुधार | 25000 |
| भु-तातोपानी फ्रेस हाउस | फ्रेस हाउस सुधार | 25000 |
| धन बहादुर पाइजा | फ्रेस हाउस सुधार | 25000 |
| | **जम्मा** | **100000** |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>

**अनुत्पादक खर्च**

सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहायका अनुत्पादक प्रयोजनमा रु.4,00,000।- खर्च गरेको देखिन्छ।

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| 1. | पूर्णिमा श्रेष्ठ (व्यावसायिक हिमाल आरोही) | अन्नपूर्ण हिमाल आरोहण | 400000 |

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>

**कर दस्तुर एवं आन्तरिक आय**

**कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | 0 | 0 | 0 |
| घर वहाल कर | 300000 | 578170 | 192 |
| व्यवसाय कर | 0 | 0 | 0 |
| बहाल विरौटी शुल्क | 200000 | 0 | 0 |
| मनोरञ्जन कर | 80000 | 0 | 0 |

पालिकाभित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनुपर्दछ ।

</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>

**व्यवसाय कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरणमा कर संकलन र व्यवसायीहरुको अभिलेख राखेकोदेखिएन। पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **गिट्टी, ढुङ्गा, बालुवाको कर**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को साविक दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुङ्गा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरूको अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरूले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँट हुने गरेको थियो । तर उक्त दफा सङ्घीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरूले गिट्टी, ढुङ्गा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । यसै सम्बन्धमा गण्डकी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०७६ को दफा 9 मा सङ्घीय कानुनसँग बाझिने गरी ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँट सम्बन्धी व्यवस्था गरेको छ । गण्डकी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७६ को दफा 9(5) अनुसार गिट्टी, ढुङ्गा, बालुवा वापत संकलितत करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी सङ्घीय मन्त्रिपरिषद्ले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी, ढुङ्गा, बालुवा बिक्रीवापतको राजस्व स्थानीय तहले सङ्कलन गरी प्रदेश र स्थानीय तहबीच क्रमशः ४० र ६० प्रतिशत हुने गरी बाँडफाँट गर्ने व्यवस्था गरेको छ जुन स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२(क) विपरीत देखिन्छ । यस पालिकाले गिट्टी, ढुङ्गा, बालुवा बिक्रीबाट यस वर्ष रु.23,24,690।- राजस्व प्राप्त गरेकोमा रु.8,22,900।- प्रदेश सञ्चित कोष र रु.12,34,348।- स्थानीय सञ्चित कोषमा जम्मा गरेको पाइयो । गिट्टी, ढुङ्गा, बालुवा बिक्रीबाट प्राप्त हुने राजस्व उत्पत्तिको आधार एवं सो राजस्व सङ्कलन गर्दा पर्ने वातावरणीय असर समग्र प्रदेशसँग सम्बन्धित भएकाले राजस्व बाँडफाँट सम्बन्धी कानुन तर्जुमा गर्दा सो विषयलाई मध्यनजर राखेर सङ्घीय कानुनसँग नबाझिने गरी स्पष्ट कानुनी व्यवस्था गर्ने र सोको आधारमा राजस्व संकलन तथा बाँडफाँट गर्नुपर्दछ । | |
| ३१ | | | **असुल गर्न बाँकी आन्तरिक आय** | |
| ३१.१ | | | नदीजन्य पदार्थहरू उत्खनन् घाटगद्दी र बिक्री वितरण गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण पश्चात ५ वटा प्याकेज बनाइ मिति २०७७।६।२८ मा सिलबन्दी दरभाउपत्र माग गरिएकोमा ३ वटा प्याकेज भगवती मालिका कन्स्ट्रक्सन र एउटा दिगो निर्माण सेवाको सिलबन्दी दरभाउपत्र स्वीकृत भएको र एउटा प्याकेजको एउटा मात्र दरभाउपत्र पेस भई पुनः दरभाउपत्र माग गरेकोमा एउटा पनि पेस हुन आएन । छनौट भएका २ वटा निर्माण प्रभावग्राही भएका २ वटा निर्माण व्यवसायीसँग ठेक्का सम्झौता भएकोमा निम्न व्यहोरा देखिएको छः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३१.२ | | | अन्नपूर्ण गाउँपालिका र भगवती मालिका निर्माण सेवाबीच २०७७।८।२८ गते भएको सम्झौता अनुसार ३ वटा प्याकेज ठेक्काबाट ६०६२ घनमिटर ढुङ्गा गिट्टी बालुवा उत्खनन् तथा संकलन गर्ने बगर र परिमाणको लागि मूल्य अभिवृद्धि कर समेत रु.४२,८२,७००।- मा सम्झौता भएकोमा उक्त निर्माण व्यवसायीले रु.२१,४१,३५०।- बुझाइ रु.२,११,३५०।- बुझाउन बाँकी देखिन्छ । सम्झौताको बुँदा न. ८ मा तोकिएको म्याद भित्र व्यवसायीले गाउँपालिकालाई बुझाउनुपर्ने किस्ता रकम नुबझाएमा बुझाउन बाँकी रकमको १० प्रतिशतका दरले व्याजसमेत असुल गर्नुपर्ने उल्लेख भएअनुसार हालसम्म बुझाउन बाँकी रकम रु.२१,४१,३५०।- र व्याज समेत गणना गरी असुल गर्नुपर्ने रु. | २,१४१,३५० |
| ३१.३ | | | अन्नपूर्ण गाउँपालिका र दिगो निर्माण सेवाबीच मिति २०७७।८।२८ गते भएको सम्झौता अनुसार ४७२ घनमिटर ढुङ्गा गिट्टी बालुवा उत्खनन् तथा संकलन गर्ने बगर र परिमाणको लागि मूल्य अभिवृद्धि कर समेत रु.४०२२८०। मा सम्झौता भएकोमा उक्त निर्माण व्यवसायीले रु.१८३३४०। मात्र बुझाइ रु.२१८९४०। बुझाउन बाँकी देखिन्छ । सम्झौताको बुँदा न. ८ मा तोकिएको म्यादभित्र व्यवसायीले गाउँपालिकालाई बुझाउनुपर्ने किस्ता रकम नबुझाएमा बुझाउन बाँकी रकम १० प्रतिशतका दरले व्याजसमेत असुल गर्नुपर्ने उल्लेख भएअनुसार हालसम्म बुझाउन बाँकी रकम रु.२१८९४०। र व्याज समेत गणना गरी असुल गर्नुपर्ने रु. | २१८,९४० |
| ३२ | | | **आन्तरिक आय** | |
| ३२.१ | | | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार आम्दानी खर्च पुष्टि हुने गरी प्रमाण राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष आन्तरिक आम्दानी रु.33,82,827।- गरेको विवरण प्राप्त भएको छ । गाँउपालिका कार्यालय र 8 वटा वडा कार्यालयहरुले गाँउपालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिदहरु र बाँकी रहेका रसिदहरुको अभिलेख अद्यावधिक गरेको छैन । तोकिएका म.ले.प. फारम नं. 105, 106, 107 र 108 लगायत निम्नानुसारका अभिलेखहरु व्यवस्थित राखेको नदेखिँदा गाँउपालिका र वडा कार्यालयहरुबाट भएको आम्दानी यकिन गर्न सकिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२.२ | | | • आन्तरिक आयमा प्रयोग हुने रसिदहरुको छपाई, आम्दानी, खर्च र बाँकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता व्यवस्थित नरहेको,<br>• वडामा पठाइएको रसिदहरु र हाल रसिदको अवस्थाको सम्वन्धमा अभिलेख अद्यावधिक नभएको,<br>• आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सातदिन भित्र बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। बैङ्क भौचरका अधारमा अम्दानी बाधेको र सो अम्दानी के कहिले अम्दानी भयो वडागत रुपमा अभिलेख राखेको पाईएन । अभिलेख व्यवस्थित गरी समयमै दाखिला गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ । | |
| ३३ | | | **आयकर एवं मूल्य अभिवृद्धि कर**<br>**रितपूर्वकको कर विजक** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मूल्य अभिवृद्धि कर रु.5,04,864।21 समेत रु.38,83,570।81 समाना तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेस हुनुपर्ने रु. | ५०४,८६४.२१ |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|---|
| ४।२०७८।३।२३ | ढोरपाटन निर्माण सेवा | ३०५३९७९८२ | मिति सच्चाएको | ३८८३५७०।८१ | ५०४८६४।२१ |
| २।२०७८।३।२३ | विरुवा जियो टेक्निकल ल्याव्रोटरी | ६०३३०८९२३ | बिल सच्चाएको | २००००० | २६००० |

| | | | | |
|---|---|---|---|---|
| ३४ | | | **कर दाखिला नगरेको**<br>आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिमको भुक्तानीमा कट्टी गरेको रकम सम्बन्धित राजस्व उपशीर्षकमा दाखिला गर्नुपर्दछ । पालिकाको वित्तीय विवरण अनुसार कट्टी गरेको रकम रु.26,014।- दाखिला गर्न बाँकी देखिएको छ । उक्त रकम सम्बन्धित राजस्व शीर्षकमा दाखिला गरेको प्रमाण पेस हनुपर्ने रु. | २६,०१४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>

**नन्फाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.3,27,592.46 समेत रु.28,47,534.00 भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।

<table>
<tr><th>गो. भौ.नं. र मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>विजक नं र मिति</th><th>विजक मूल्य (मू.अ.कर समेत)</th><th>मूअकर रकम</th><th>ननफाईलर रहेको मिति</th></tr>
<tr><td>59-077/10/9</td><td>जया नर्सिङ्ग कम्पनी प्रा.लि. (609550320)</td><td>09-077/10/7</td><td>675067</td><td>77662.60</td><td>2077/M/2</td></tr>
<tr><td>72-077/10/18</td><td>जया नर्सिङ्ग कम्पनी प्रा.लि. (609550320)</td><td>12-077/10/18</td><td>1128070</td><td>129778.00</td><td>2077/M/2</td></tr>
<tr><td>72-077/10/18</td><td>जया नर्सिङ्ग कम्पनी प्रा.लि. (609550320)</td><td>11-077/10/18</td><td>70676</td><td>8130.86</td><td>2077/M/2</td></tr>
<tr><td>90-077/12/26</td><td>जया नर्सिङ्ग कम्पनी प्रा.लि. (609550320)</td><td>15-077/12/25</td><td>49946</td><td>5746.00</td><td>2077/M/2</td></tr>
<tr><td>177-077/3/17</td><td>जया नर्सिङ्ग कम्पनी प्रा.लि. (609550320)</td><td>022-078/3/15</td><td>923775</td><td>106275.00</td><td>2077/M/2</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>2847534</td><td>327592.46</td><td></td></tr>
</table>

कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेस हुनुपर्ने रु.

</td><td>३२७,५९२.४६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **उपभोक्ता समिति मार्फत कार्य**<br>**उपभोक्ता समिति दर्ता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न 143 उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.8,45,42,276।- भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ३७ | | | **हेभी इक्विपमेण्टको प्रयोग** | |
| ३७.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|
| 59-077/10/9 | उलुङ्ग-गिवाङ् मो.वा.उ.स. | 800000.00 | 675067.00 |
| 64-077/10/14 | हिस्ताङ्ग-मधेनी-ठूलोखर्क मो.वा.उ.स. | 500000.00 | 465173.00 |
| 68-077/1016 | महाभिर घराम्दी सडक विस्तार उ.स. | 1735587.00 | 538926.00 |
| 72-077/10/18 | ठूलोवगर कटुञ्जे मो.वा.उ.स. | 1200000.00 | 1128070.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 111-078/1/15 | ठाडास्वारा कोप्चेपानी मो.वा.उ.स. | 3000000.00 | 2698043.00 | | |
| | | | | 139-078/3/2 | दोवामह आउने छहरा मो.वा.उ.स. | 1245000.00 | 1175553.00 | | |
| | | | | 140-078/3/3 | खादीखोला पहिरेगाउँ मो.वा.उ.स. | 895000.00 | 796543.00 | | |
| | | | | 183-078/3/20 | घट्टेखोला लिग्मडाडागाउँ पूलिवाङ्ग मो.वा.उ.स. | 1500000.00 | 1017825.00 | | |
| | | | | | **जम्मा** | **10875587.00** | **8495200.00** | | |
| | | | नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ । | | | | | | |
| ३७.२ | | | माथि उल्लेख गरिएका लगायत अधिकांश योजनाहरुको गाँउपालिकाले उपभोक्ता समितिसँग सम्झौता गरी प्राविधिक कर्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिएको छ । अधिकांश उपभोक्ता समितिहरुले एक्साभेटर लगायतका हेभिइक्युपमेन्टहरु प्रयोग गरेको निर्माण व्यवसायीका कर विजकहरु पेस गरी भुत्तानी लिएको छ । उपभोक्ता समितिले भुक्तानी लिएको रकमको तुलनामा बढी मूल्यका कर बिजकहरु पेस गरी निर्माण व्यवसायीले गाँउपालिकाबाट भुक्तानी लिएको देखिँदा यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **जटिलसंरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|
| राम्चे खेलकुद मैदान ढलान उ.स. | खेलकुद मैदान निर्माण | 1400000 |
| काफलडाँडा खेल मैदान निर्माण उ.स. | खेलकुद मैदान निर्माण | 1300000 |
| राम्चे ग्रामीण कृषि सडक स्तरोन्नति उ.स. | सडक स्तरोन्नति | 1500000 |
| अन्नपूर्ण खेलकुद मैदान निर्माण उ.स. | खेलकुद मैदान निर्माण | 2000000 |
| कैलाश मा.वि. भवन निर्माण उ.स. | भवन निर्माण | 1800000 |
| प्रभा मा.वि. आवास गृह निर्माण उ.स. | गृह निर्माण | 1000000 |
| | **जम्मा** | **9000000** |

नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>
डीपीआर खर्च
बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>५ शय्याको अस्पताल निर्माण</td><td>अगम डिनाइर्स एण्ड सप्लायर्स प्रा.लि.</td><td>500000</td><td>496000</td><td>683500080</td></tr>
<tr><td>तातोपानी कुण्डहरूको प्रतिवेदन (४ वटा)</td><td>एक्सपर्ट इञ्जिनियरिङ्ग कन्सल्टेन्ट, पोखरा</td><td>500000</td><td>497202.03</td><td>97723184</td></tr>
<tr><td>गाउँपालिका भित्रका झरनाहरुको प्रतिवेदन (३)</td><td>एक्सपर्ट इञ्जिनियरिङ्ग कन्सल्टेन्ट, पोखरा</td><td>500000</td><td>495965.14</td><td>43731315</td></tr>
<tr><td></td><td>जम्मा</td><td>1500000</td><td>1489167.17</td><td>824954579</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **उपभोक्ता समिति मार्फत सरकारी भवन निर्माण कार्य**<br>सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्धेश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ । तर तपसिलमा उल्लेखित उपभोक्ता सहभागी नहुने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराईएको पाईयो । यसरी उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने कार्यमा उपभोक्ता समिति मार्फत गरिने कार्यमा नियन्त्रण गरिनुपर्दछ । यसका केही उदाहरणहररु निम्न छन्: | |

| भौ.नं.र मिति | निर्माण कार्य | लागत अनुमान | कार्यसम्पन्न रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| 58-077/10/8 | 4 नं. वडा कार्यालय भवन मर्मत र स्टोर कोठा निर्माण | 278822 | 281508 | 250000 |
| 201-078/3/22 | 5 नं. वडा कार्यालयको छाना मर्मत र फर्निचर खरिद | 280338 | 282647 | 250000 |
| 202-078/3/22 | 5 नं. वडाको स्वास्थ्य चौकी व्यवस्थापन कार्य | 111454 | 108261 | 97134 |
| | **जम्मा** | **670614** | **672416** | **597134** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **खरिद व्यवस्थापन** | |
| ४१.१ | | | **औषधि खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ। तर स्थानीय तहहरुले उक्त प्रक्रिया बेगर रु.33,40,642।- का औषधि सोझै खरिद गरेको वित्तीय विवरणबाठ देखिएको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्: | |

| कार्यक्रम | भौ.नं./मिति | भुक्तानी पाउने | खरिद | भुक्तानी रकम |
|---|---|---|---|---|
| प्रकोप व्यवस्थापन | 58/2078/3/220 | हलेसी मेडिकल सप्लायर्स/सुविसु | औषधि | 523550 |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | 63/2078/3/25 | श्रीकृष्ण मेडिको कर्न्सन | औषधि | 50542 | | |
| | | | | | 22/2077/9/20 | श्रीकृष्ण मेडिको कर्न्सन | औषधि | 68062 | | |
| | | | | | 22/2077/9/20 | जैमिनी मल्टी कर्न्सन | स्वास्थ्य सामग्री | 123765 | | |
| | | | | | 29/2077/10/6 | सुमेरु ट्रेड कर्न्सन | स्वास्थ्य सामग्री | 499460 | | |
| | | | | | 54/2078/3/16 | श्रीकृष्ण मेडिको कर्न्सन | औषधिजन्य | 384895 | | |
| | | | | | 55/2078/3/16 | विपिसा मेडिसेल्स | स्वास्थ्य सामग्री | 228034 | | |
| | | | | प्रदेश कोभिड कोष | 2078/3/20 | एन लाहान ट्रेडिङ्ग | औषधि | 167250 | | |
| | | | | | 2078/3/20 | जैमिनी मल्टी कर्न्सन | औषधि | 314527 | | |
| | | | | सङ्घीय हस्तान्तरित चालु | 118/2078/3/16 | | औषधि | 499346 | | |
| | | | | | 120/2078/3/16 | | औषधि | 99975 | | |
| | | | | | | | **जम्मा** | **2959406** | | |
| ४१.२ | | | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | | | | | | | |
| ४१.३ | | | आपूर्ति हुने औषधि सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१.४ | | | आपूर्ति भएका औषधी एवं सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन। | |
| ४१.५ | | | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| ४१.६ | | | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक गर्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२</td><td></td><td></td><td>सोझै खरिद<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पुँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु.
<table>
<tr><th>गो भौ नं र मिति</th><th>आपूर्तिकर्ता/निर्माण व्यवसायी</th><th>खरिद/निर्माण कार्य</th><th>रकम</th></tr>
<tr><td>137-078/3/1</td><td>फर्निचर खरिद</td><td>वालचन्द्र फर्निचर उद्योग</td><td>249730</td></tr>
<tr><td>190-078/3/21</td><td>फर्निचर खरिद</td><td>वालचन्द्र फर्निचर उद्योग</td><td>481832</td></tr>
<tr><td>228-078/3/26</td><td>मेशिनरी औजार खरिद</td><td>स्किल नेट प्रा.लि.</td><td>120000</td></tr>
<tr><td>52-2078//3/15</td><td>यति धौलागिरी ट्रेडर्स</td><td>त्रिपाल र ग्याविन जाली खरिद</td><td>734697</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>1586259</td></tr>
</table></td><td>१,५८६,२५९</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>सवारीसाधन खरिद<br>अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ४ थान दुई पाङ्ग्रे सवारी साधन खरिदमा रु.15,28,000।- खर्च गरेका छन् ।</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका 8 वडाहरुमा खेलकुद मैदान र गोरेटो बाटो निर्माण कार्य लगायतका 17 कार्यक्रम सञ्चालन गरी यस वर्ष 165 जनालाई रोजगारी उपलव्ध गराई रु.96,52,640।28 खर्च गरेको छ । लक्षित वर्गलाई 96 दिनदेखि 100 दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>पुँजीगततर्फ<br>सम्बन्धित खर्च शीर्षकबाट खर्च गर्नुपर्ने - गण्डकी प्रदेश कार्यविधि ऐन, २०७४ का दफा १७(२) अनुसार आफ्नो र मातहत निकाय अन्तर्गतको कुनै बजेट उप-शीर्षकमा रकम नपुग भएमा सो अन्तर्गत रकम बचत भएको अन्य बजेट उप-शीर्षकहरूबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही खर्च व्यहोर्ने स्रोत परिवर्तन नहुने गरी चालु बजेटबाट चालुतर्फका खर्च शीर्षकहरूमा र पुँजीगत बजेटबाट पुँजीगततर्फका खर्च शीर्षकहरूमा तथा चालुबाट पुँजीगत खर्च शीर्षकमा सम्बन्धित सचिवले रकमान्तर गर्न सक्नेछ। एकिकृत आर्थिक संकेत वर्गीकरण र व्याख्या, २०७४ मा खर्च शीर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ । स्वीकृत कार्यक्रममा विनियोजन भएको रकम अन्य कार्यमा खर्च गरिएको देखियो । स्वीकृत भएको कार्यक्रम भन्दा फरक कार्यक्रममा खर्च गरिएकोले नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ.नं. र मिति</th><th>खरिद सामाग्रि</th><th>स्वीकृत कार्यक्रम/खरिद शीर्षक</th><th>हुनुपर्ने शीर्षक</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>33-077/8/29</td><td>टायर खरिद</td><td>मेशिनरी औजार(31122)</td><td>सवारी साधन</td><td>66000</td><td>पुँजीगत</td></tr>
<tr><td>26-078/3/28</td><td>मेशिनरी औजार</td><td>माग अनुसार तालिम तथा कार्यक्रम र सामाग्रि खरिद(वडा नं.3,6,7)</td><td>वडा नं. 7 लाई कोदो चुटने मेशीन र चापकटर खरिद</td><td>240000</td><td>चालु</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>३०६०००</td><td></td></tr>
</table></td><td>३०६,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **खरिद परिमाण भन्दा नापीमा बढी**<br>(70-077/10/16) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम १(ख)बमोजिम खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिलको भुक्तानी गर्दा करारको शर्तबमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्ने व्यवस्था छ । मुना वाल विकास शौचालय निर्माण कार्यमा उपभोक्ता समितिले पेश गरेको विजक (निश्चल हार्डवयर-312/077/9/10) अनुसार 45 बोरा (2250 के.जि.) मात्र सिमेन्ट खरिद गरेको देखिन्छ । प्राविधिकबाट नापजाच गरेको नापी किताव अनुसार 2711 के.जि. सिमेन्ट प्रयोग गरेको देखिन्छ ।उपभोक्ता समितिले खरिद गरेको भन्दा 461 के.जि. सिमेन्ट बढी खर्च भएको पाईयो ।यसरी खरिद गरेको भन्दा बढी नापी कितावमा उल्लेख गरेको सिमेन्ट प्रति के.जि. रु.18.984 (मू.अ.कर समेत) का दरले हुने रकम असुल गर्नुपर्ने रु.<br>**( कार्यालयको प्रतिक्रिया उपर कारबाही हुँदा यस बुँदामा रहेको बेरुजु रकम रु८७५१। मिति २०७९।२।२५ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।)** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **जिन्सी दाखिला**<br>गण्डकी प्रदेश कार्यविधि ऐन, २०७४ को दफा २४ को उपदफा १ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। सम्बन्धित संस्थाले खरिद गरेको वा हस्तान्तरण भई प्राप्त भएकोमा तपसिलको मालसामान जिन्सी दाखिला गरेको छैन । उक्त मालसामानहरु जिन्सी दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रु. | ८६,९४२ |

| सि.नं. | भौ.नं. र मिति | दाखिला गर्नुपर्ने संस्था | खरिद सामाग्री | रकम | कैफियत |
|---|---|---|---|---|---|
| 1 | 235-078/3/29 | कान्छी बराही महिला विकास वचत तथा ऋण सहकारी संस्था | दराज-1, सादा टेवल-1, कार्पेट-8 मी.,म्याट्रेस-304 स्क्वा.फिट, प्लाष्टिक कुर्ची-30 | 86942 | वित्तीय समानिकरण पुँजीगत |
| 2 | 7-077/11/22 | पालिकाका 8 वडा कार्यालयहरु | डेल डेस्कटप-8, क्यानन प्रिन्टर-8, क्यानन स्क्यानर र वायरलेस डंगोल-8 | 786480 | सशर्त पुँजीगत |
| | | | **जम्मा** | **873422** | |

**( कार्यालयको प्रतिक्रिया उपर कारबाही हुँदा यस बुँदामा रहेको बेरुजु रकम मध्ये रु७६८४८०। मात्र मिति २०७९।०२।२५ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।)**

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **लक्षित वर्ग छनौट तथा वितरण**<br>**(231-078/3/27)** लक्षित वर्ग छनौटको लागि योजना आवश्यकता भएका वर्गबाट निवेदन संकल गरी उक्त योजना आवश्यक छ कि छैन अनुगमन गरेर अति आवश्यक भएका स्थान र व्यक्तीहरु छनौट गरेर कार्य गर्नुपर्दछ । 7 नं. वडा कार्यालयको लागि 50 प्रतिशत अनुदानमा कृषि सामाग्री खरिद शीर्षकमा रु.3,00,000.00 र समपुरक कोष शीर्षकबाट रु.50,000.00 गरी जम्मा रु.3,50,000.00 खर्च लेखेको छ ।उक्त खर्च अन्तर्गत मल्टी कप थ्रेसर-3 सेट, पाउडर क्रसर एण्ड कम्माईण्ड राईस मिल-2 सेट, पावर स्प्रे ओमागा-3 सेट, प्लाष्टिक त्रिपाल(18×24)-25 थान र प्लाष्टिक टनेल(6×10) 40 थान गरी रु.7,08,001.00 मा खरिद गरिएको छ । उक्त सामाग्रि वितरण कार्यको लागि निवेदन संकलन तथा छनौट प्रक्रिया अवलम्बन गरेको तथा वितरण गरेको देखिएन । छनौट प्रक्रिया अवलम्बन गरेको र वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.<br>**( कार्यालयको प्रतिक्रिया उपर कारबाही हुँदा यस बुँदामा रहेको बेरुजु रकम रु३५००००। मिति २०७९।०२।२५ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।)** | |
| ४९ | | | **डस्टविन वितरण**<br>(213-078/3/23) सबै टोलमा डस्टवीन वितरण गर्ने कार्यक्रम अन्तर्गत 64 थान रु.1,89,999.00 मा खरिद गरिएकोमा उक्त डस्टविन वितरण गरेको वा टोल टोलमा राखिएको प्रमाण पेश भएको छैन । टोल टोलमा राखिएको वा डस्टवीन वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.<br>**( कार्यालयको प्रतिक्रिया उपर कारबाही हुँदा यस बुँदामा रहेको बेरुजु रकम रु१८९९९९। मिति २०७९।०२।२५ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।)** | |
| ५० | | | **चेक भुक्तानी**<br>(228-078/3/26) निर्माण कार्य, सेवा खरिद वा अन्य कार्यको रकम भुक्तानी गर्दा सम्बन्धी संस्था समितिको नाममा भुक्तानी चेक उपलव्ध गराउनुपर्नेमा स्किल नेट प्रा.लि. बाट प्रिन्टर-2 हार्डडिस्क-2 खरिद गरी रु.1,20,000.00 शिक्षा अधिकृत गणेश बहादुर कटुवालको नाममा चेक उपलब्ध गराई खर्च लेखेको पाइयो । विजककर्ता, निर्माण व्यवसायी वा परामर्शदाताको नाममा जारी गर्नुपर्नेमा कर्मचारीको नाममा चेक जारी गरिएको छ । यस्तो कार्यमा नियन्त्रण गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **पिसानी कुटानी मिल वितरण**<br>(127-078/3/1) वडा नं. 2 को वडा अध्यक्षको उपस्थितिमा मिति 2077/10/28 को निर्णय अनुसार पिसानी कुटानी मिल गाडापानी, मान्द्रेढुङ्गा, किमलाखर्क, पहराजरामा गठन भएका समितिका संयोजकलाई वितरण गर्नुपर्ने देखिन्छ । उक्त ६ थान मिल रु.1,79,700.00 मा खरिद गरिएको छ । खरिद गरीएका मिलहरु गाडापानी (टेक बहादुर गर्वुजा), गाडापानी (भक्तराम फगामी), मान्द्रेढुङ्गा (छमाया तलिजा), किमलाखर्क( भक्त बहादर थापा), वोझोगेट (खडक बहादर गर्वुजा), ओखलेटोल(दल बहादुर फगामी) लाई वितरण गरिएको छ । वडाको निर्णय अनुसार वितरण गरेको देखिएन । एकैटोलमा २ वटा वितरण गरिएको र निर्णय भई वितरण गर्ने भनेको टोलमा वितरण भएको देखिएन । यसले गर्दा वितरण कार्य पारदर्शिता देखिएन । निर्णय अनुसार गर्नुपर्ने कार्यमा सुधार हुनुपर्ने देखिन्छ । | |
| ५२ | | | **विद्यालय भौतिक पूर्वाधार** | |
| ५२.१ | | | Contruction of boy's Hostel building in Gyan Prakash Ma.Vi. कार्य (ठेक्का न.1-077/78) को श्रेस्ता परीक्षणमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| ५२.२ | | | Contruction of boy's Hostel building in Gyan Prakash ma.vi. कार्य (ठेक्का न.1-077/78) को लागि रु.1,43,85,000.00 लागत अनुमान तयार गरेकोमा घटी कवोल अंक रु.1,01,98,499.94 भएको उत्तरगंगा निर्माण सेवाको ठेक्का प्रधान अध्यापकबाट स्वीकृत भएको छ ।उक्त कार्य 2078 असार 25 मा सम्पन्न गर्नुपर्ने गरी 2078 वैशाख 6 मा सम्झौता भएको छ । कोभिडको कारणले तोकिएको समयमा सम्पन्न गर्न नसकेको कारण देखाई 2078 मंसिर मसान्त (६ महिना) सम्म विद्यालय व्यवस्थापन समितिको निर्णयले म्याद थप गरिएको छ । कार्यसम्पादन जमानत रु.15,25,000.00 कुमारी बैंक लिमिटेडको 2079 भाद्र 30 गतेसम्म मान्य अवधि रहेको पेस भएको छ । कार्य सम्पन्न गर्नको लागि म्याद थप भएपछि कार्यसम्पादन जमानतको म्याद 2079 पौष मसान्तसम्मको लागि थप गर्नुपर्ने देखिन्छ । बीमाको अवधि 2078 जेठ 30 देखि 2079 जेठ 29 सम्म रहेकोमा उक्त विमाको अवधि पनि 2079 पौष मसान्तसम्मको लागि थप गर्नुपर्ने देखिन्छ । कार्यसम्पादन जमानत अवधि थप गरेको प्रमाण पेश गर्नुपर्ने रु.<br>**( कार्यालयको प्रतिक्रिया उपर कारबाही हुँदा यस बुँदामा रहेको बेरुजु रकम मध्ये रु१५२५०००। मिति २०७९।०२।२५ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।)** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२.३ | | | Contruction of boy's Hostel building in Gyan Prakash ma.vi. निर्माण कार्यको लागि उत्तरगंगा निर्माण सेवाले लागत अनुमानको तुलनामा रु.41,86,500.00 घटी कवोल गरेको देखिन्छ । यसरी घटी कवोल गरेको कारणले बचत हुन गएको बजेटको आधार लिएर ज्ञानप्रकाश मा.वि.ले शौचालय, कम्पाउण्ड वाल लगायतको कार्यको लागि रु.36,23,113.00 लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराएको छ। उक्त निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.31,83,812.00 मध्ये उपभोक्ता समितिको योगदान घटाई रु.27,06,240.00 भुक्तानी गरिएको छ । | |
| ५३ | | | **सशर्त चालुतर्फ**<br>**भरपाई पेस गर्नुपर्ने** –१४९।२०७८।३।२४ लक्ष्मी ट्रेडर्स बागलुङबाट ९००० थान स्यानिटरी प्याड प्रति थान रु.५२।५० ले खरिद गरी रु.४७२५००। भुक्तानी गरेको छ। सोझै खरिद गरेको रु.7,72,446।- मध्ये सबै स्यानिटरी प्याड वितरण नगरी कार्यालयको स्टोरमा नै मौज्दात रहेको पाइयो । उक्त खरिद गरेका स्यानटरी प्याड नियमानुसार वितरण गरी वितरणको भरपाई पेस गर्नुपर्ने रु.<br>**( कार्यालयको प्रतिक्रिया उपर कारबाही हुँदा यस बुँदामा रहेको बेरुजु रकम मध्ये रु४७२५००। मिति २०७९।०२।२५ मा फछ्यौंट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।)** | |
| ५४ | | | **प्रदेश सरकार सशर्त**<br>**निर्माण कार्य सम्पन्न नभएको** – राम्चे हिस्तान सडक स्तरोन्नति कार्यक्रमको लागि प्रदेश सरकारबाट रु.५००००००।– को बजेट व्यवस्था भएकोमा कार्यक्रमको लागि रु.४७९९९२६।२४ को ल.ई. तयार गरी विद्युतीय बोलपत्रको माध्यमबाट मिति २०७७।८।१२ मा सूचना प्रकाशन गरेकोमा ८ वटा बोलपत्र दर्ता भएकोमा सबैभन्दा कम अङ्क रु.२९२१७०।८० कबोल गर्ने सातविसे कन्स्ट्रक्सन प्राइभेट लिमिटेड भरतपुर १० चितवनको बोलपत्र स्वीकृत गरी मिति २०७८।२।२४ सम्ममा सम्पन्न गर्ने गरी मिति २०७७।११।२८ मा सम्झौता भएकोमा समयमा काम सम्पन्न हुन नसकी मिति २०७८।३।२० सम्म म्याद थप भएको र उक्त अवधिमा पनि निर्माण कार्य सम्पन्न हुन नसकी पुनः कोभिड १९ को कारण म्याद थप माग गरेकोमा २०७८।३।२१ को निर्णयले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२७ अनुसार सुविधाको आधारमा ठेक्का टर्मिनेट गरी कार्य सम्पन्न भएको आधारमा रु.१७,७६,३५६।- भुक्तानी गरेको छ । गाउँपालिकाले सम्झौता अनुसारको समयावधिभित्र कार्य सम्पन्न गर्ने गराउनेतर्फ ध्यान दिनुपर्दछ । बाँकी रहेको निर्माण कार्यको लागि आ.व. २०७८।७९ मा बजेट व्यवस्था नभएको र निर्माण कार्य अधुरो रहेको अवस्था छ । | |
| ५५ | | | **शिख मा.वि. को छात्रवास भनव निर्माण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५.१ | | | शिख मा.वि. को छात्रवास भनव निर्माण कार्यको लागि सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशबाट रु.२,००,००,०००।- प्राप्त भएकोमा रु.१,९२,००,०००।- को ल.ई. तयार गरी विद्युतीय बोलपत्रको माध्यमबाट निर्माण कार्य गर्न सूचना प्रकाशन गरेकोमा १० वटा फर्मबाट बोलपत्र पेस हुन आएको र प्राविधिक परीक्षणबाट छनौट भएका ८ वटा फर्म मध्ये सबैभन्दा घटी रु.१,३४,०१,५५०।२२ (मू.क. कर समेत) कबोल गर्ने ढोरपाटन निर्माण सेवा नेपाल बागलुङ ४ को बोलपत्र स्वीकृत गरी मिति २०७८।३।२५ सम्ममा सम्पन्न गर्ने गरी मिति २०७७।१२।१ मा सम्झौता भएकोमा लेखापरीक्षणबाट निम्न व्यहोराहरू देखिएका छन् | |
| ५५.२ | | | निर्माण व्यवसायीले BOQ मा बीमा वापत रु.४०,०००।- आयोजना सूचना पाटी वापत रु.५,०००।- र Additional Lab Test वापत रु.९,९३३।०८ उल्लेख गरेकोमा निर्माण कार्य शुरु गर्नु अगाडि उक्त कार्यहरू सम्पन्न गर्नुपर्ने गरेको पाइएन । | |
| ५५.३ | | | निर्माण व्यवसायीले सम्झौता अनुसार तोकिएको मिति २०७८।३।२५ सम्ममा भवन निर्माण कार्य सम्पन्न हुन नसकी विशेष परिस्थिति कोभिड १९ को कारण जनाई म्याद थप गरी पाउ भनि मिति २०७८।३।१८ मा कार्यालयमा निवेदन पेस गरेको पाइयो । सोही व्यहोरा उल्लेख गरी कार्यालयले सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश पोखरालाई चालु वर्षमा सम्पन्न हुन नसकेको काम आगामी आर्थिक वर्षमा सम्पन्न गर्नको लागि रकम विनियोजन भए नभएको यकिन भएमा ठेक्का सम्झौताको म्याद थप गर्ने वा नगर्ने निर्णय गर्न सहज हुने भएकोले आ.व. २०७८।७९ का लागि बजेट विनियोजन भए नभएको खुलाइ पठाइदिन च.न. १६६४ मिति २०७८।३।२० मा पत्र लेखी पठाएकोमा जवाफ प्राप्त नभएकोले सोही व्यहोरा जनाइ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२७ सुविस्ताको आधारमा मिति २०७८।३।२४ को निर्णयले खरिद सम्झौता अन्त्य गरी स्वीकार्य रुपमा सम्पन्न भइसकेको कार्यको मूल्याङ्कनको आधारमा भौ.न. ४।२०७८।३।२३ बाट रु.४३,८८,४३५।०२ भुक्तानी भएको छ । भवन निर्माण कार्य गर्न ठेक्का सम्झौता गरी सम्झौतामा उल्लेखित समयसम्ममा सम्झौता रकमको ३२.७५ प्रतिशत मात्र कार्य सम्पन्न गरेको अवस्थामा निर्माण व्यवसायीलाई कारवाही गर्नुपर्नेमा नगरी सुविस्ताको आधारमा ठेक्का अन्त्य गरी रकम भुक्तानी गरिनु उचित देखिएन । त्यस्तै छात्रवास भवनको निर्माण कार्य सम्पन्न गर्न आ.व. २०७८।७९ मा बजेटको समेत व्यवस्था नभएकोले लगानी भइसकेको रकम समेत खेर गई भवन निर्माण कार्य अलपत्र अवस्थामा रहेको पाइयो । ठेक्का सम्झौता भइसकेपछि समयमा नै निर्माण कार्य गर्ने गराउनेतर्फ सम्बन्धित निर्माण व्यवसायी र कार्यालयले ध्यान पुर्‍याएको देखिएन । | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **दोवा स्वास्थ्य चौकी निर्माण**<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.न. २०९ मिति २०७७।६।१८ को पत्रद्वारा यस गाउँपालिकामा ५ शय्याको अस्पताल निर्माण गर्नको लागि मन्त्रालयले प्रारम्भिक लागत अनुमान रु.७,११,९७,९८०।- तय गरेकोमा गाउँपालिकाबाट रु.६,८३,५०,०८०। को ल.ई. तयार गरी विद्युतीय बोलपत्रको माध्यमाबाट मिति २०७७।९।२९ मा सूचना प्रकाशन गरेकोमा २ वटा फर्महरू दर्ता भएको र सबैभन्दा घटी रु.५,१२,६०,६५२।२१ कबोल गर्ने निर्माण व्यवसायी रविना अमित जे.भी. को बोलपत्र स्वीकृत गरी सम्झौता मितिले १५ महिनासम्ममा सम्पन्न गर्ने गरी मिति २०७८।१।१७ मा सम्झौता भएको पाइयो । उक्त निर्माण कार्यको लागि भौ.न. ३ मिति २०७८।३।२३ मा रु.४५,००,०००।- पेस्की उपलब्ध गराइएको छ भने निर्माण कार्यको भुक्तानी भएको छैन । तोकिएको म्याद भित्रनै स्वास्थ्य चौकीको निर्माण कार्य सम्पन्न गर्ने गराउनेतर्फ सम्बन्धित पक्षले ध्यान पुर्‍याउनु पर्दछ । | |
| ५७ | | | **शिक्षातर्फ** | |
| ५७.१ | | | **विद्यालयहरुको लेखापरीक्षण** - गाउँपालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्दछ । गाउँपालिकाले 36 विद्यालयहरुका लागि रु.14,35,20,199।- विनियोजन गरी निकासा खर्च गरेको छ। गाउँपालिकाले दिएको निकासा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ । | |
| ५७.२ | | | **शिक्षक दरवन्दी र पदपूर्तिः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका 36 सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गरिनुपर्दछ । | |

| क्र. स. | विद्यालयको. नाम | दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्येकरार विवरण | विद्यार्थीसंख्या |
|---|---|---|---|---|---|
| १ | श्री कैलाश मा.वि | १५ | १५ | ८ | १६२ |
| २ | श्री सुनारी आ.वि. | ३ | ३ | १ | १६ |
| ३ | श्री सर्वोदय मा. वि | १७ | १७ | १० | २६१ |
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ४ | श्री हिमालय आ. वि. | ५ | ५ | ३ | २२ | | |
| | | | | ५ | श्री सुवा आ. वि. | ६ | ६ | ५ | ३२ | | |
| | | | | ६ | श्री जनकल्याण आ. वि. | ४ | ४ | ४ | १२ | | |
| | | | | ७ | श्री ज्योती आ. वि. | ४ | ४ | ३ | २५ | | |
| | | | | ८ | श्री ज्ञान प्रकाश मा.वि. | १८ | १८ | ८ | ३३६ | | |
| | | | | ९ | श्री सरस्वती आ. वि. | ५ | ५ | २ | ४१ | | |
| | | | | १० | श्री नारच्याङ आ. वि. | ६ | ६ | ३ | ५० | | |
| | | | | ११ | श्री धवलागिरी आ. वि. | ४ | 4 | 4 | १० | | |
| | | | | १२ | श्री निलगिरी आ. वि. | ५ | ५ | २ | ३२ | | |
| | | | | १३ | श्री प्रभा मा. वि. | १९ | 19 | १२ | ३१५ | | |
| | | | | १४ | श्री क्रान्ती आ. वि. | ५ | ५ | ४ | ३२ | | |
| | | | | १५ | श्री पाउद्धार आ.वि. | ४ | ४ | २ | २४ | | |
| | | | | १६ | श्री पाउद्धार मा. वि. | १६ | १५ | ११ | ११६ | | |
| | | | | १७ | श्री किन्दु आ.वि. | ५ | ५ | २ | १७ | | |
| | | | | १८ | श्री शिख मा. बि. | १८ | १८ | ११ | १६६ | | |
| | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १९ | श्री शिखर आ.वि. | ४ | ४ | २ | ६ | | |
| | | | | २० | श्री शारदा आ.वि. | ४ | 4 | 2 | १६ | | |
| | | | | २१ | श्री लालिगुरास आ.वि. | ४ | 3 | 2 | ३ | | |
| | | | | २२ | श्री खिवाङ्ग आ.वि. | ९ | ९ | ४ | ५७ | | |
| | | | | २३ | श्री मुक्तिमार्ग मा.वि. | १९ | १९ | १० | २८३ | | |
| | | | | २४ | श्री भुवानी आ.वि. | ५ | ५ | ३ | ६७ | | |
| | | | | २५ | श्री मुक्तिपथ आ.वि. | ४ | 4 | 2 | २६ | | |
| | | | | २६ | श्री पोखरे आ.वि. | ६ | 6 | 3 | ५८ | | |
| | | | | २७ | श्री घराम्दी आ.वि. | ५ | ५ | ३ | २२ | | |
| | | | | २८ | श्री टिकोट मा. वि. | १५ | 15 | ७ | ६१ | | |
| | | | | २९ | श्री शिवालय आ.वि. | ४ | 4 | १ | १० | | |
| | | | | ३० | श्री मण्डली आ.वि. | ५ | 5 | 2 | ३९ | | |
| | | | | ३१ | श्री आदर्श मा. वि. | १४ | 14 | ७ | ७२ | | |
| | | | | ३२ | श्री काफलडाँडा आ.वि. | १२ | १२ | ९ | ६३ | | |
| | | | | ३३ | श्री देउराली आ.वि. | ९ | ९ | ४ | ३२ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३४ | श्री चन्द्र आ.वि. | ४ | ४ | २ | ९ | |
| | | | | ३५ | श्री शान्तिकालिका आ.वि | १ | १ | १ | ३ | |
| | | | | ३६ | श्री हिमाञ्चल मा. वि. | १८ | १८ | ९ | १११ | |
| | | | | | **जम्मा** | **३०१** | **२९९** | **१६८** | **२६०७** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७.३</td><td></td><td></td><td>

**विद्यालयको संख्याः** गाउँपालिका शिक्षा ऐन,२०७7 अनुसार पूर्वाधार नभएको, विद्यार्थी संख्या कम रहेका,दुई वा दुईभन्दा बढी विद्यालयको परीसर एक आपसमा जोडिएको, दुई वा सोभन्दा बढी विद्यालय बीचको पैदल दुरी ३० मिनेट भन्दा कम रहेको र दुई वा सो भन्दा बढी विद्यालयको व्यवस्थापन समितिले विद्यालय गाभ्न संयुक्त निवेदन दिएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ । लेखापरीक्षणको लागि गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार गाउँपालिका अन्तगरगतका 3६ विद्यालय मध्ये देहायका विद्यालयमा विद्यार्थी संख्या न्यून रहेको देखियो । यसरी विद्यार्थी संख्या २० जना भन्दा कम रहेका विद्यालयमा शिक्षक,कर्मचारी तलब र प्रशासनिक खर्च बापत आ.व. २०७7।78 मा देहाय बमोजिम रकम परीक्षा संचालनको अधारमा निकासा भएको छ। न्यून विद्यार्थी संख्या रहेको विद्यालयलाई गाउँपालिकाले सुविस्थाका आधारमा विद्यालय संख्या गाभ्ने व्यवस्था गर्नुपर्दछ।

<table>
<tr><th>क्र. सं.</th><th>विद्यालयको नाम</th><th>सञ्चालित कक्षा</th><th>बिद्यार्थी</th><th>शिक्षक</th><th>बालविकास सहजकर्ता</th><th>कर्मचारी</th><th>जम्मा निकासा रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>सुनारी आ. बि. अन्नपूर्ण १ सुनारी</td><td>१-३</td><td>१६</td><td>२</td><td>-</td><td>१</td><td>१०२१६६५</td><td></td></tr>
<tr><td>२</td><td>जनकल्यान आ. बि. अन्नूर्ण ३ दुवारी</td><td>१-३</td><td>१२</td><td>२</td><td>१</td><td>१</td><td>१०२७३६६</td><td></td></tr>
<tr><td>३</td><td>धवलागिरी आ. बि. अन्नपूर्ण ४ कोप्चेपानी</td><td>१-३</td><td>१०</td><td>२</td><td>१</td><td>१</td><td>१०२२८६६</td><td></td></tr>
<tr><td>४</td><td>मुक्तिपथ आ. बि अन्नपूर्ण ६ घार</td><td>१-३</td><td>२६</td><td>२</td><td>१</td><td>१</td><td>१३६८३११</td><td></td></tr>
<tr><td>५</td><td>शान्ति कालिका आ. बि अन्नपूर्ण ८ राम्चे</td><td>१-३</td><td>३</td><td>२</td><td>-</td><td>१</td><td>११६०५७</td><td>काजमा ब्यवस्थापन</td></tr>
</table>

यस पालिकामा 3६ विद्यालयहरु संचालनमा रहेकोमा 306 शिक्षक दरबन्दीमा 299 पदपूर्ति भएको र पदपूर्तिमध्ये 168 शिक्षक करारमा रहेका छन् । ती विद्यालयहरुमा EMIS अभलेख अनुसार कुल विद्यार्थी सख्या 2607 रहेको देखिन्छ ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७.४</td><td></td><td></td><td>अभिलेखः गाउँपालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा, दरवन्दी विवरण,कार्यरत शिक्षकहरूको विवरणसो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.27,91,163।- तलब भत्ता भुक्तानी गरेको पाईयो ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>खर्च</th></tr>
<tr><td>1.</td><td>सर्वोदय मा.ववि. र हिमालय आ.वि.</td><td>2661163</td></tr>
<tr><td>2.</td><td>खिवाङ आ.वि.</td><td>130000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>2791163</td></tr>
</table></td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>प्रोत्साहन भत्ता वापत रकम निकासा<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ अनुसार स्थानीय तह अन्तर्गतका विद्यालयहरुमा कार्यारत शिक्षको तलब भुक्तानीको लागी शसर्त अनुदानबाट उपलब्ध गराउने र सोही शीर्षकबाट तलव भत्ता भुक्तानी दिने व्यवस्था छ। पालिकाले उक्त ऐन बमोजिम तोकिएको तलव भत्ता र अन्य अनुगमन समेत विद्यालयको माग बमोजिम विद्यालयको खातामा निकासा उपलब्ध गराएको छ । यसको अतिरिक्त गाउँपरिषद्को निर्णयले विद्यालयको शैक्षिक सुधार कार्यक्रम अन्तर्गत हिमालय आधारभूत विद्यालय र सर्वोदय माध्यमिक विद्यालयका निम्न शिक्षकहरूलाई अतिरिक्त अध्यापन गरेवापत ७ देखि १२ महिनासम्म प्रोत्साहन भत्ता वापत रु.10,33,228।- समानीकरण अनुदानबाट विद्यालयको खातामा रकम उपलब्ध गराई खर्च लेखेको छ । प्रोत्साहन रकम उपलब्ध गराउनुपूर्व कुन कुन शिक्षकहरुलाई अतिरिक्त समय अध्यापन गराउनुपर्ने हो कार्ययोजना बनाएर आवश्यक भएमा मात्र अतिरिक्त समय काममा लगाई हाजिर व्यवस्थित गराई मितव्ययी हुने गरी रकम निकासा तथा खर्च गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

**सर्वोदय माध्यमिक विद्यालय तर्फ**

| शिक्षकको नामथर | तह/श्रेणी | किसिम | सशर्त तर्फ तलबभत्ता | आन्तरिक /समानिकरण तर्फ अतिरिक्त पारिश्रमिक | | | कर कट्टी पछिको खुद भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | अतिरिक्त प्रोत्साहन पारिश्रमिक दर | जम्मा महिना | जम्मा रकम | |
| नविन पुन | मावि द्वितिय | अस्थायी | नियमानुसार चाडपर्व खर्च सहित १३ महिनाको तलब र भत्ता | ५५०० | ९ | 49500 | 42075 |
| याम बहादुर क्षेत्री | मावि द्वितिय | अस्थायी | नियमानुसार चाडपर्व खर्च सहित १३ महिनाको तलब र भत्ता | ५५०० | ९ | 49500 | 42075 |
| किसन बहादुर पुन | मावि तृतिय | स्थायी | प्रअ भत्तासहित नियमानुसार चाडपर्व खर्च सहित १३ महिनाको तलब र महङ्गी भत्ता | ९५०० | ९ | 85500 | 72675 |
| मोहन प्रसाद गौतम | मावि तृतिय | अस्थायी | नियमानुसार चाडपर्व खर्च सहित नियुक्ति महिना देखिको तलब र भत्ता | ५५०० | ७.६ | ४१९८३ | 35685.55 |
| दिपक बरुवाल | मावि तृतिय | अस्थायी | नियमानुसार चाडपर्व खर्च सहित नियुक्ति महिना देखिको तलब र भत्ता | ३००० | ७.६ | २२९०० | 19465 |
| खेमनाथ शर्मा | निमावि तृतिय | स्थायी | नियमानुसार चाडपर्व खर्च सहित १३ महिनाको तलब र भत्ता | ११००० | ९ | 99000 | 84150 |
| गोविन्द थापा | निमावि तृतिय | अस्थायी | नियमानुसार चाडपर्व खर्च सहित १३ महिनाको तलब र भत्ता | ७५०० | ९ | 67500 | 57375 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सुरेश सुनार | निमावि तृतिय | स्थायी | नियमानुसार चाडपर्व खर्च सहित १३ महिनाको तलब र भत्ता | ४५०० | ९ | 40500 | 34425 | |
| | | | गणेश खत्री | निमावि तृतिय | अस्थायी | नियमानुसार चाडपर्व खर्च सहित नियुक्ति महिना देखिको तलब र भत्ता | ४५०० | ७.६ | ३४३५० | 29197.5 | |
| | | | लेट बहादुर खड्का | प्रावि द्वितिय | स्थायी | नियमानुसार चाडपर्व खर्च सहित १३ महिनाको तलब र भत्ता | १५०० | ९ | 13500 | 11475 | |
| | | | रश्मी खड्का | प्रावि तृतिय | स्थायी | नियमानुसार चाडपर्व खर्च सहित १३ महिनाको तलब र भत्ता | १५०० | ९ | 13500 | 11475 | |
| | | | दिपक ब. शाही | प्रावि तृतिय | स्थायी | नियमानुसार चाडपर्व खर्च सहित १३ महिनाको तलब र भत्ता | ४५०० | ९ | 40500 | 34425 | |
| | | | सरस्वती गिरी | प्रावि तृतिय | स्थायी | नियमानुसार चाडपर्व खर्च सहित १३ महिनाको तलब र भत्ता | १५०० | ९ | 13500 | 11475 | |
| | | | शोभा जि.सि कार्को | प्रावि तृतिय | अस्थायी | नियमानुसार चाडपर्व खर्च सहित १३ महिनाको तलब र भत्ता | १५०० | ९ | 13500 | 11475 | |
| | | | शान्ती फगामी | लेखापाल | अस्थायी | नियमानुसार चाडपर्व खर्च सहित १३ महिनाको तलब र भत्ता | ६५०० | ९ | 58500 | 49725 | |
| | | | विष्णु पुर्जा | का.स. | अस्थायी | नियमानुसार चाडपर्व खर्च सहित १३ महिनाको तलब र भत्ता | ७२२५ | ९ | 65025 | 55271.25 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सुशिला बरुवाल | बा.वि के. शिक्षक | अस्थायी | नियमानुसार चाडपर्व खर्च सहित १३ महिनाको तलब र भत्ता | १०१२० | ९ | 91080 | 77418 |
| मनु वि.क | सा.सि.के. सहजकर्ता | अस्थायी | नियमानुसार चाडपर्व खर्च सहित १२ महिनाको तलब | २०२२५ | ९ | 182025 | 154721.25 |
| टक बहादुर पुन | निमावि मा करार | निजि | विद्यालयको निर्णयानुसार चाडपर्व खर्च सहित १३ महिनाको तलब र भत्ता | ११३०० | ९ | 101700 | 86445 |
| **हिमालय आधारभूत विद्यालयतर्फ** | | | | | | | |
| अरुणा सुनार | बा.विके. शिक्षक | अस्थायी | नियमानुसारचाडपर्व खर्च सहित १३ महिनाको तलब र भत्ता | ५००० | १२ | 60000 | 51000 |
| तारापुर्जा पुन | बा.वि के.शिक्षक | अस्थायी | नियमानुसारचाडपर्व खर्च सहित १३ महिनाको तलब र भत्ता | २५०० | १२ | 30000 | 25500 |
| थमबहादुर नेपाली | का.स. | अस्थायी | नियमानुसारचाडपर्व खर्च सहित १३ महिनाको तलब र भत्ता | ३५०० | १२ | 42000 | 35700 |
| | | | | | | | |
| **दुई विद्यालयको जम्मा** | | | | | | | **1033228** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६०</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम<br>संघीय शसर्त कार्यक्रम अन्तर्गत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा विज्ञान ताथ प्रविधि मन्त्रालको च.न.-254 मिति 2078/3/20 पत्र अनुसार सबै स्थानीय तहबाट अनुदान निकासा हुने रकम सम्बन्धित विद्यालयको खातामा तत्काल निकासा दिई सोको प्रतिवेदन, लेखापरीक्षण, सामाजिक परीक्षण लगायतका कार्यको लागि सम्बन्धित विद्यालयहरुलाई नै जिम्मेवार र जवाफदेही बनाउनेगरी सहजिकरण, समन्वय र सहयोगका लागि सबै स्थानीय तहमा निर्देशन भए बमोजिम निम्न विद्यालयहरुमा निम्न कार्यक्रमको लागि बजेट निकासा भएको छ । उक्त रकमको कार्यसम्पन्न गरी विद्यालयबाट लेखापरीक्षण तथा सामाजिक परीक्षण हुनपर्दछ ।
<table>
<tr><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>श्री कैलाश मा.वि</td><td>दुईकोठे भवन निर्माण</td><td>1800000</td></tr>
<tr><td>प्रभा माध्यमिक विद्यालय</td><td>पुस्तकालय तथा विज्ञान प्रयोगशाला</td><td>650000</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **स्वास्थ्य तर्फ**<br>**औषधिको लोगो** - गाउँपालिकाले खरिद गरेका औषधिहरूमा "नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि" भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधिहरू मध्ये नमूना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिमका औषधिहरू रहेको देखियो । | |

| सि.नं. | औषधिको नाम | म्याद समाप्त हुने मिति | निशुल्क वितरणको लोगो |
|---|---|---|---|
| १ | Paracetamol (500 mg) | April 2024 | नभएको |
| २ | Amoxycllun (500 mg) | Feb. 2023 | Ins. Supply Only |
| ३ | Panttidine (150 mg) | Jan. 2023 | Ins. Supply Only |
| ४ | Albendazone (400 mg) | May 2022 | Ins. Supply Only |
| ५ | Nictroridazole (400mg) | Dec. 2023 | Ins. Supply Only |
| ६ | Ciproflaxacion (500 mg) | July 2023 | Supply only |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **सामाजिक सुरक्षातर्फ**<br>**भत्ता वितरण** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी रु.6,39,26,816।- खर्च गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **विपद् व्यवस्थापन**<br>**समिति** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति ७ सदस्यीय गठन भई ६ वटा बैठक बसेको पाइयो । ऐनमा तोकिएबमोजिम काम, कर्तव्य र अधिकारमा सक्रिय देखाउनु पर्दछ । | |
| ६४ | | | **कार्य योजना**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) बमोजिम पालिकाले कार्यक्रमसहीतको कार्ययोजना तयारी गरी लागू गर्नुपर्नेमा सो गरेको पाइएन ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ६५ | | | **कोष**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु.1,24,11,506।- आम्दानी र रु.83,69,538।- खर्च गरी रु.40,41,968।- बाँकी देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम नियम बनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ६६ | | | **प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ बमोजिम पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम**<br>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार 7 परियोजना सञ्चालन गर्न रु.७० लाख बजेट प्राप्त भएकोमा रु.६९ लाख ९ हजार ३६० खर्च भएकोमा पालिकाले भौतिक प्रगति विवरण तयार गरी पेस गरेको छैन । | |
| ६८ | | | **धरौटी फिर्ता**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ तथा अर्थ मन्त्रालयको राजस्व महाशाखाको २०६९÷६÷१७ को परिपत्र अनुसार धरौटी फिर्ता गर्दा धरौटी कारोबार वर्षको कर चुक्ता प्रमाण पत्र र मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण यकिन गरेर मात्र दिनुपर्ने उल्लेख छ । कार्यालयले निम्न फर्मलाई कर चुक्ता प्रमाणपत्र र कर समायोजन पत्र बेगर धरौटी फिर्ता गरेकोदेखियो । अतः उक्त फर्मबाट मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेस गर्नुपर्ने रु. | ११८,५०० |
| ६९ | | | **कोभिड-१९ तर्फ** | |
| ६९.१ | | | गाउँपालिकाबाट उपलब्ध गराइएको विवरण अनुसार आ=व= २०७।७8 को आषाढ मसान्तसम्म कोभिड-19 तर्फ आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः | |

Table in row ६७:

| आयोजनाको प्रकार | आयोजनाको संख्या | बजेट रकम | खर्च रकम | वित्तीय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| स्थानीय विकास पूर्वाधार | 7 | 7000000 | 6909369 | 98.70 | योजना सम्पन्न भएको तर प्रगति नखुलेको |

Table in row ६८:

| भौ=नं.र मिति | फर्मको नाम | फिर्ता रकम |
|---|---|---|
| 3/2077/5/10 | मंगला कन्स्ट्रक्सन प्रा.लि. | 118500 |

Table in row ६९.१:

| बजेट/आम्दानीको स्रोत | २०७8 असार मसान्तसम्म प्राप्त रकम | खर्च शीर्षक | २०७७ असार मसान्तसम्म खर्च रकम |
|---|---|---|---|
| गत वर्षको बाँकी | 4619601 | राहत वितरण | 0 |
| | 5000000 | | 242871 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| स्थानीय तहको आफ्नै बजेट | | क्वारेन्टिन निर्माण तथा व्यवस्थापन | |
| संघीय सञ्चित कोषबाट | 1000000 | औषधि एवं स्वास्थ्य उपकरण खरिद | 684510 |
| प्रदेश कोभिड कोषबाट | 500000 | आइशोलेसन केन्द्र निर्माण | 609994 |
| अन्य श्रोतबाट | 1291905 | खोप कार्यक्रम खर्च | 0 |
| | | जोखिम भत्ता | 420021 |
| | | प्रशासनिक खर्च (तलब भत्ता) | 425910 |
| | | प्रकोप व्यवस्थापन खर्च | 5585291 |
| | | अन्य खर्च | 400941 |
| | | **बाँकी** | **4041968** |
| **जम्मा** | **12411506** | **जम्मा** | **12411506** |

उक्त कारोवारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न रहेका छन्:

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९.२ | | | गाउँपालिकाले कोभिड-19 रोकथाम तथा नियन्त्रणका लागि छुट्टै आम्दानी तथा खर्चको हिसाब नराखी प्रकोप व्यवस्थापन अन्तर्गत एकमुष्ट खर्च लेखेको देखियो । कोभिड-19 को मात्र बाँकी मौज्दात यकिन हुन नसकेकोले कोभिड-19 को आम्दानी एवं खर्च स्पष्ट हुने गरी अभिलेख राख्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९.३ | | | गो.भौ.नं. 6/2077/6/8 मा कोभिड-19 रोकथाम तथा नियन्त्रणका लागि विभिन्न स्थानबाट यात्रु बोकेर बेनी बजारसम्म ल्याएवापत मित्रलाल रिजाल (ग.1ज. 7441) लाई रु.65,000।- भुक्तानी दिएको देखिन्छ । गाडी भाडामा लिन ठाउँ, अवधि, समय समेत उल्लेख गरी दररेट समेत लिई घटी कबोल गर्नेसँग सम्झौता गरिनुपर्दछ । | |
| ६९.४ | | | गो.भौ.नं. 76/2078/3/18 मा पालिकाले बेनी क्वारेन्टिनमा अस्पतालमा भएको खर्च वापत रु.93,871।- भुक्तानी गरेको देखिन्छ । उक्त खर्च DCMC को निर्णयानुसार भएको देखिन्छ । यस्तो खर्च दामासाहीबाट बाँडफाँटका आधारमा भुक्तानी भएको पालिकाको भनाइ रहेको छ । | |
| ६९.५ | | | पालिकामा कोभिड-19 संक्रमितहरूका लागि उपचार व्यवस्थापनार्थ प्रदेश सरकारबाट प्राप्त रु.५ लाख मध्ये PPE Kit Set Level 3 को 100 थान किट 2445 का दरले र शु-कभर २० थान प्रतिथान रु.222।- का दरले र सेनिटाइजर 500 एम. एल. इकाइ रु.309 का दरले १०० थान, पि.पि.इ. सेट किट 60 थान प्रति इकाई २५०० का दरले रु.4,88,259।- मा खरिद गरी ५ बेडको अस्थायी कोभिड अस्पताललाई हस्तान्तरण गरेको देखिएको छ । | |
| ६९.६ | | | पालिका अन्तर्गत ५ अस्थायी कोभिड अस्पताल र २० आइशोलेसन केन्द्र स्थापना भएकोमा दैनिक रुपमा आइशोलेसन केन्द्रमा बसेको अधिकतम संख्या १७ र आषाढ मसान्तसम्म बसेको कुल संख्या ७७ रहेकोमा उक्त व्यवस्थापन खर्च रु.6,09,994।- रहेको छ । | |
| ६९.७ | | | पालिका अन्तर्गत ४ सदस्यीय १ टोली केश इन्भेष्टिगेशन तथा कन्ट्रक्याक्ट ट्रेसिङ्ग गठन भएकोमा खोजपड्ताल गरिएका केश संख्या २५० र पहिचान भएका संक्रमित संख्या ६० रहेको छ । | |
| ६९.८ | | | पालिका अन्तर्गतको ५ अस्थायी कोभिड अस्पतालमा ९ जना दरबन्दी रहेकोमा ९ जनाकै पदपूर्ति भएको विवरणबाट देखिएको छ । | |
| ६९.९ | | | पालिकालाई राष्ट्रिय आविष्कार निर्मल पुर्जा र मोना कुवेतबाट मूल्य नखुलेका ७ थान अक्सिजन कन्सन्ट्रेटर निःशुल्क रुपमा प्राप्त भएकोमा हाल चालु अवस्थामा रहेको विवरणबाट देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **पेस्की बाँकी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) बमोजिम दिएको पेस्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलब्ध गराएको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ को अनुसूची २३ र सोको अभिलेख अनुसार गाउँपालिकाको हालसम्मको कुल पेस्की बाँकी रु.52,35,250।- देखिएको छ । उक्त बाँकी पेस्की मध्ये अनुसूची २३ मा रु.30,020।- मात्र देखाएतापनि पालिकाको पेस्की अभिलेख खाता अनुसार गत विगत वर्षको रु.7,35,250।- र चालु आ.व. को रु.45,00,000।- देखिन्छ । मिति 2077।10।9 बाट लागू भएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५ बमोजिम चालु आ.व. को म्याद ननाघेको रविना/अमित जे.भी. को मोविलाइजेसन पेस्की रु.45,00,000।- फस्र्यौट हनु बाँकी देखिन्छ । | |
| ७१ | | | **अनुगमन तथा सम्परीक्षण** | |
| ७१.१ | | | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजु फस्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजु फस्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा निम्नानुसार सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । **( रु. हजारमा)** | |

| गत वर्षसम्मको बाँकी बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B) | गत बर्षसम्मको बाँकी बेरुजु (C=A-B) |
|---|---|---|
| 56778 | 1072 | 55706 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१.२ | | | यस वर्ष फस्र्योट भएको बेरुजुको स्थिति निम्नानुसार रहेको छ । | |

| सि.नं. | आ.व. | वेरुजू दफा नं. | बेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्योटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| 1. | 2076/77 | 23 | बढी दरमा भुक्तानी | 57271 | | | | 57271 |
| 2. | 2076/77 | 23.1 | बढी दरमा भुक्तानी | 29437 | | | | 29437 |
| 3. | 2076/77 | 30 | आयकर भुक्तानी | 9000 | | | | 9000 |
| 4. | 2076/77 | 38 | बढी भुक्तानी | 30000 | | | | 30000 |
| 5. | 2076/77 | 41 | पेस्की (नागरिक आवास) | 0 | | | 90000 | 90000 |
| 6. | 2076/77 | 41 | पेस्की उपभोक्ता समिति | 0 | | | 800000 | 800000 |
| 7. | 2074/75 | 27 | आयकर | 56475 | | | 0 | 56475 |
| | | | **जम्मा** | **182183** | | | **890000** | 1072183 |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७२</td><td></td><td></td><td>अद्यावधिक वेरुजु<br>यस पालिकाको २०७७।७८ सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजु (A)</th><th>यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B)</th><th>यो वर्ष कायम बेरुजु(C)</th><th>सम्परीक्षणबाट कायम बेरुजु(D)</th><th>अद्यावधि बाँकी बेरुजु (E=A-B+C+D)</th></tr>
<tr><td>56778</td><td>1072</td><td>6483</td><td>0</td><td>62189</td></tr>
</table></td><td></td></tr>
</table>